# शिक्षक सेवा आयोग

## खुला प्रतियोगितात्मक विषयगत परीक्षा - २०७९

**तह : प्राथमिक** **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** **उत्तीर्णाङ्क : ४०**

**सबै प्रश्नहरू अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा परीक्षा रद्द हुनेछ ।**

### खण्ड (क)

| | |
|---|---|
| **१.** कक्षा शिक्षण र बहुकक्षा शिक्षणको परिचय दिई आधारभूत तहको तल्ला कक्षामा कक्षा शिक्षणका कुनै तीन फाइदा लेख्नुहोस । कक्षा कोठामा विविधता व्यवस्थापन कसरी गर्न सकिन्छ ? उदाहरण सहित सुझाव प्रस्तुत गर्नुहोस् । | **२+३+५=१०** |
| **२.** पूर्व बाल्यावस्थाका विशेषताहरू उल्लेख गर्दै यसले सिकाइमा पार्ने सकारात्मक प्रभावबारे विवेचना गर्नुहोस् । | **२+३=५** |
| **३.** मूल्याङ्कनको परिचय दिई सो का साधनहरूको सूची बनाउनुहोस् । विद्यालयमा उक्त साधनहरूको प्रयोगको अवस्थाको बारेमा विवेचना गर्नुहोस् । | **२+३+५=१०** |
| **४.** (क) आधारभूत तहको कक्षा ४-५ मा नेपाली भाषामा भाषिक सिप शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधिहरू उल्लेख गर्दै लेखाइ सिप विकासका लागि गरिने शिक्षण सिकाइ क्रियाकलाप र प्रयोग गरिने शिक्षण सामग्रीहरू उल्लेख गर्नुहोस् ।<br><br>(ख) कक्षा १-३ का विद्यार्थीहरूलाई नयाँ शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वाभाविक गतिमा बोल्न सिकाउन शिक्षण गर्दा अपनाउन सकिने कुनै ५ ओटा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापहरू उदाहरण सहित उल्लेख गर्नुहोस् । | **४+३+३=१०**<br><br>**५** |
| **५.** एकीकृत पाठ्यक्रमको परिचय दिदै यसको प्रयोगका सबल र सुधार गर्नुपर्ने पक्षहरूको विवेचना गर्नुहोस । मूल्यमा आधारित शिक्षा भन्नाले कस्तो प्रकारको शिक्षालाई भनिन्छ ? उदाहरण सहित प्रस्तुत गर्नुहोस् । | **२+३+५=१०** |

### खण्ड (ख)

| | |
|---|---|
| **६.** What are the techniques of English teaching at basic level classes? Prepare a lesson plan to teach "Place" for grade five students. | **4+6=10** |
| **७.** गाईको दूधको मूल्य प्रतिलिटर ८० रुपैयाँ भएका बेला सीताको डेरीबाट रामले २ लिटर ५०० मिलिलिटर, यसोदाले ४ लिटर २५० मिलिलिटर र पेम्बाले १ लिटर ७५० मिलिलिटर दूध किनेछन् भने सीताले कति रुपैयाँ | **५+५=१०** |

| | |
|---|---|
| कमाइन्? यो गणितीय समस्या शिक्षण गर्न तपाईंले कक्षा शिक्षणमा प्रयोग गर्ने कुनै एक विधि उल्लेख गरी उक्त विधि प्रयोग गर्ने तरिका लेख्नुहोस् । | |
| **८.** जीव र वातावरणबीचको अन्तरसम्बन्ध देखाउनुहोस । फूल फुल्ने र नफुल्ने बिरुवामा पाइने भिन्नता उदाहरण सहित प्रस्तुत गर्नुहोस् । यसै विषयमा विद्यार्थी मूल्याङ्कन गर्न कुनै दुईओटा २ अङ्क भारका छोटा प्रश्नहरू तयार गर्नुहोस् । | **३+५+२ =१०** |
| **९.** (क) धुम्रपान, मद्यपान र लागू पदार्थको दुर्व्यसनबाट परिवार र समाजलाई पार्ने कुनै ५ असरहरू उल्लेख गर्नुहोस् ।<br><br>(ख) सिर्जनात्मक कला विषयलाई एकीकृत पाठ्यक्रममा कसरी एकीकृत गरिएको छ ? उल्लेख गर्दै दृश्यकला भित्र पर्ने कुनै चार विषयवस्तुहरूको सूची बनाउनुहोस् । | **५**<br><br>**३+२=५** |
| **१०.** स्थानीय पाठ्यक्रमको आवश्यकताबारे प्रस्ट पार्दै यसको निर्माण प्रक्रिया र प्रयोगका बारेमा समीक्षा गर्नुहोस् । | **४+६=१०** |

---